# सुनवल नगरपालिकाको नवौं नगर सभाको बैठकमा २०७८ साल आषाढ ६ गते आइतबार नगर प्रमुख श्री भीमबहादुर थापा क्षेत्रीज्यूले प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम



**यस बैठकका अध्यक्ष एवम् उपप्रमुखज्यू !**

**नगरसभाका सदस्यज्यूहरू !**

आज हामी विश्वव्यापी महामारी कोरोना भाईरस (कोभिड-१९) केहि मत्थर भई आर्थिक तथा सामाजिक क्रियाकलाप सहित सामान्य दैनिकीमा फर्कदै गर्दा पुन प्रजाति सहितको कोभिड–१९ को दोस्रो लहरवाट आर्थिक तथा मानवीय क्रियाकलापहरु घरभित्र सिमित भई विषम परिस्थितिको सामना गरिरहेको समयमा छौ। नयाँ प्रजातिको तिव्र फैलावट पहिलो लहरको तुलनामा घातक भई अतिअसामान्य अवस्था सृजना भएको अवस्थामा सुनवल नगरपालिकाले नगरवासीको जीवन प्रतिरक्षा र सवै प्रकारका क्षति न्यून गर्न आफ्नो सम्पूर्ण शक्ति, साधन र स्रोत परिचालन गरिरहेको सर्वविदितै छ। नगरक्षेत्रमा मानवीय क्षति सिमित गर्न जनस्वास्थ्यका मापदण्डहरुको परिपालना देखि नगरस्तरमा विशेषज्ञ डाक्टर सहित अक्सिजन तथा एच. डि.यु. सेवा सहितको कोरोना अस्थायी अस्पतालको संचालन तथा व्यवस्थापन गरेको छौ। होम आइसोलेसनमा वस्नु भएका संक्रमितका लागि घरमै अक्सिजन लगायत आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराई यस महामारीवाट नगरवासीको जीउ ज्यान वचाउन र समुदायमा कोरोना संक्रमण फैलन नदिन सुनवलवासीको अमूल्य मत प्रति ऋणी भइ जिम्मेवारीवोधका साथ अहोरात्र खटिरहेका छौं।

महामारी नियन्त्रण र व्यवस्थापनमा आर्थिक सहयोग गर्नुहुने, अग्रपंक्तिमा रही कार्य गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकमर्मी सरसफाई कर्मचारीका साथै अन्य कर्मचारीहरु, उद्यमी, राजनीतिक दल, सहकारी, संघसंस्था तथा नागरीकसमाज प्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु। हाम्रो अनवरत प्रयासका वावजुद पनि यस महामारीवाट सुनवल नगरका केही होनहार यूवा तथा अग्रज नागरिकको जीवन बचाउन नसक्दा गहिरो दुख लागेको छ। म कोरोना भाइसरको संक्रमणवाट आफनो ज्यान गुमाउनु हुने नगरवासीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु। कोरोना भाइरसवाट संक्रमित सम्पूर्ण नागरिकको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै कोभिड पश्चातका स्वास्थ्य समस्या प्रति सचेत रहन विनम्रतापूर्वक अपिल गर्दछु।

लामो संघर्ष र वलिदानीवाट प्राप्त रुपान्तरित शासकीय प्रणालीमा हामी प्रथमपटक निर्वाचित भइ कार्यभार सम्हालेको चौथो वर्ष भइ गरी पाचौ बर्षमा प्रवेश गर्दै गर्दा म सुनवल नगरपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न सुनवल नगरवासीका तर्फवाट यस गरिमामय नगर सभामा उपस्थित हुन पाउँदा गौरवान्दित भएको छु। यस घडीमा म राष्ट्रका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहीद विष्णु पाण्डे लगायत सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शहीदका योगदानको स्मरण गर्न



CamScanner

जगको श्रीगणेश आगामी आ व को नीति तथा कार्यक्रमले गर्ने गरी तयार गरेको छु। SUNWAL सर्ट ... जस्तै Sustainable and Inclusive Development, Upgraded Knowledge and Skill, Naturally Sunwal, Women Children Elder and Deprived Persons Prosperity, Active Youth र Local Vibrant Economy बनाउन सामाजिक, आर्थिक, नागरिक र सांस्कृतिक अधिकारको सुनिश्चितता गर्ने गरी यो नीति तथा कार्यक्रम तयार गरेको छु।

संविधान बमोजिम स्थानीय तहको एकल तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकारले अन्तराष्ट्रिय मञ्चमा जाहेर गरेका प्रतिवद्धताहरू कार्यान्वयनका विषय, सन् २०१५ देखि २०३० सम्मका लागि तय भएका दिगो विकासका लक्ष्यहरू, सामाजिक न्याय, सुशासन, आधारभूत मौलिक हकहरू, मैत्रीपूर्ण वातावरण सहित १५ वर्षे विकास रणनीतिलाई आगामी आ व को नीति तथा कार्यक्रमको मेरुदण्ड वनाएको छु।

**अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरू !**

**अव म आगामी आ.व. २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

१. कोभिड १९ को दोस्रो लहरवाट क्षतविक्षत हुन पुगेका विकास निर्माण, व्यपार व्यवसाय तथा जनजीवनको पुर्नउत्थानमा सुनवल नगरपालिकाले निशेधाज्ञा अवधिमा अवरुद्ध हुन पुगेका सेवाहरूमा विना थप दस्तुर निरन्तरता दिने व्यवस्था गरिएको छ। कोभिडका नयाँ नयाँ प्रजातिवाट थप क्षति हुन नदिन स्वास्थ्य पूर्वाधार विकास, रोकथाम तथा नियन्त्रणका लागि विशेष प्रथामिकता दिई आगामी बर्षको नीति तथा कार्यक्रम तयार गरिएको छ।

२. कोभिड १९ का नयाँ प्रजातिका कारण जारी भएका निशेधाज्ञका कारण चालु आव मा संझौता भइ सम्पन्न हुन नसकेका योजनाहरुलाई आ व २०७८/७९ को वजेटमा समावेश गरी कार्यान्वयन गर्ने नीति लिइनेछ। सुनवल नगरपालिकाको आ व २०७८/७९ का लागि स्वीकृत वजेट ठेक्का प्रक्रियावाट कार्यान्वयन गर्दा वचत हुन आएको रकमवाट थप योजना तथा कार्यक्रम कार्यान्वयन नगर्ने नीति लिइनेछ।

३. कोरोना भाइरस (कोभिड १९) को तेस्रो लहरमा बालबालिका वढी प्रभावित हुने आकलन गरिएकाले सुनवल नगरपालिकाको अस्थायी कोभिड अस्पतालमा एचडियूका ३ वटा र साधारण तर्फका ५ वटा वेडला वालवार्ड कायम गरी बालबालिका संवेदनशील क्षेत्र विद्यालय, पार्क जस्ता स्थानमा पूर्णस्वास्थ्य मापदण्ड पालनालाई अनिवार्य गरिनेछ।

४. कोभिड १९ को संक्रमण तत्काल निर्मूल नभई लामो समयसम्म रहन सक्ने र नयाँ नयाँ प्रजातिहरु आउन सक्ने संभावनालाई दृष्टिगत गर्दै यसको संक्रमणलाई न्यूनीकरण गर्न नेपाल सरकार तथा विश्व स्वास्थ्य सँगठनको प्रोटोकल अनुसारका सामाजिक दूरी लगायत स्वास्थ्य अनुशासन पालनाका लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ। यसका लागि स्थानीय सञ्चार माध्यम, नागरिक समाज, सफाइ अभियन्ताहरू, निजी, सहकारी तथा गैरसरकारी संस्थाहरू, विद्यालय, युवा स्वयम्सेवी र

स्थानीय सरोकारवालहरूसँग सहकार्य गर्ने नीति कार्यान्वयनमा ल्याईनेछ।

५. संघीय सरकार र प्रदेश सरकारसँग समन्वय तथा नगरपालिकाको स्रोत परिचालन गरी नगर क्षेत्रमा औषधी तथा उपकरणको सहज आपूर्तिको व्यवस्था मिलाइनेछ। विद्यमान स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई नागरिकमैत्री, जवाफदेही र सुशासनयुक्त बनाइनेछ।

६. स्थानीय स्वास्थ्य सेवा प्रदायक निजी तथा संस्थागत संस्थाहरुमा मापदण्ड तथा उचित मूल्यमा औषधि तथा अन्य सेवाहरु सहज आपूर्तिको व्यवस्था मिलाइनेछ। यसका लागि नगरपालिकाको समन्वयमा औषधि विक्रेता तथा मेडिकल, पारामेडिकल सेवा प्रदायकलाई नियमन र व्यवस्थापन गरिनेछ। अति विपन्न लक्षित औषधि विक्री कक्षहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

७. नागरिकको रोग प्रतिरोधी क्षमता अभिवृद्धिका लागि स्थानीय जडीबुटी तथा औषधीजन्य खाद्य पदार्थको उत्पादन, स्वच्छ र विषादिमुक्त खाद्यवस्तुको उत्पादन र उपभोगका लागि प्रोत्साहित गरिनेछ। उपभोग्य व्यवहारमा परिवर्तनका लागि सचेतना अभिवृद्धि गरिनेछ। यसका लागि वहुक्षेत्रीय पोषण कार्यक्रमलाई क्रसकटिङ्ग विषयको रूपमा अघि वढाइनेछ।

८. महिला स्वास्थ्य स्वयंसेविकाहरूमा उत्प्रेरणा जागृत गर्न महिला स्वास्थ्य स्वयंसेविका कल्याण कोषका साथै महिला स्वास्थ्य स्वयंसेविकाका लागि सेवा निबृत्ति सुविधामा वृद्धि गरिनेछ। उत्कृष्ट महिला स्वास्थ्य स्वयंसेविका पहिचान र पुरस्कृत गरिनेछ।

९. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणमा अग्रपंक्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, पदाधिकारीहरू तथा स्वयम् सेवीहरूलाई उच्च मनोवलका साथ कार्य गर्न प्रोत्साहन तथा जाखिम भत्ताको व्यवस्था गरिनेछ।

१०. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी वनाइनेछ। नगरपालिका भित्रका हरेक दम्पत्तिको पहिला दुई सन्तानका लागि मात्र हुने गरी सुत्केरी आमाहरूलाई ३५ दिनभित्र वच्चाको जन्म दर्ता गराएपछि दिइदै आएको पोषण खर्चमा वृद्धि गरिनेछ।

११. जन्मपुर्वदेखि मृत्युपर्यन्तसम्म राज्यको दायित्व बहन गर्दै मृत्यू संस्कारमा दिइदै आएको खर्चलाई निरन्तरता दिइनेछ। जेष्ठ नागरिकलाई सम्मान तथा एक वडा एक दिवा सेवा कार्यक्रम पूर्णता दिन वाँकी वडाहरुमा विस्तार गरिनेछ।

१२. जेष्ठ नागरिक, महिला तथा अपाङ्गता भएका व्यक्ति लगायत विशेष संरक्षण आवश्यक भएका नागरिकको संरक्षण गर्न परिवार र समुदायमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ। सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

१३. नगरपालिका भित्र भएका संघ संस्थाहरु, विद्यालय, क्याम्पसहरुमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षाकोषमा सामेल गराउन प्रोत्साहित गरिनेछ।

१४. नगरक्षेत्रमा विशेषज्ञ चिकित्सकीय सेवासहितको स्वाथ्य पहुँच बढाउन सुनवल नगरपालिका वडा नं. ५ वनकट्टीमा १५ शैयाको प्राथमिक अस्पताल निर्माणको कार्यलाई निरन्तरता दिई सम्पन्न गरिनेछ। सुनवल



CamScanner

स्वास्थ्य चौकीको स्तरउन्नति गरी विशेषज्ञ चिकित्सक सहितको नगर अस्पताल संचालन गरिनेछ। अस्पतालको पूर्वाधार पुर्णरुपमा तयार नहुदासम्म सुनवलको वालमैत्री सिकाई केन्द्र र वडा नं ८ को स्वास्थ्य चौकीवाट डाक्टर सहितको सेवा प्रवाह गरिनेछ।

१५. कोभिडवाट नगरवासीको सुरक्षाको लागि निजी संस्था वा वैकल्पिक माध्यमवाट भ्याक्सिन किन्ने स्वीकृति प्राप्त भएमा सुनवल नगरपालिकाले प्रयाप्त मात्रमा सवै नगरवासीलाई पुग्ने भ्याक्सिन चालु योजना कटौती गर्दै खरीद गरी खोपको पूर्ण सुनिश्चितता गरिनेछ।

१६. पुर्ण खोपयुक्त नगररपालिकालाई दिगो वनाउन जनचेता वृद्धि, सुत्केरी तथा खोप लगाउने उमेर समूहका बालबालिकाको वर्गिकृत तथ्याङ्क र मोवाइल ट्रयाकिङ्ग गर्ने व्यवस्था मिलाइनेछ।

१७. नेपालकै पहिलो बालमैत्री स्थानीय शासनयुक्त नगरपालिकाको साखलाई कायम राख्न बालमैत्री स्थानीय शासनको दिगोपनाको रणनीतिक योजनाअनुसार महिला, बालबालिका, अगाङ्गता भएका व्यक्ति त असाहायका लागि सहयोगात्मक कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालनमा ल्याइनेछ। हिंसा तथा दुर्व्यवहार पिडितलाई तत्काल संरक्षण गर्न अल्पकालीन आश्रय स्थल सञ्चालनमा ल्याइनेछ।

१८. अगाङ्गता भएका व्यक्ति, अनाथ, गरिव, असाहाय, अभिभावक विहिन, सडक बालबालिका तथा बालश्र बालशोषणमा परेका बालबालिकाहरु, हिंसा र दुव्यवहारमा परेका बालबालिकाहरुलाई सुनवल नगरपालिक अभिभावकत्व ग्रहण गर्दे कक्षा १ देखि उच्च शिक्षासम्मको अध्ययनको शैक्षिक खर्च नगरपालिकाले वे व्यवस्था कार्यविधि वनाई कार्यान्वयनमा ल्याइनेछ।

१९. विद्यालयको पठन पाठनलाई सूचना प्रविधिको प्रयोग गरी वैकल्पिक माध्यमवाट कुनैपनि महामारी वा विपद समेत अध्ययन अध्यापनलाई निरन्तरता दिने प्रणालीको विकास गरिनेछ। यसका लागि समुदायमा सि घरघरमा शिक्षक अभियान सञ्चालन गरिनेछ। कोभिड १९ का कारण बालबालिका तथा समुदायमा परे प्रभावलाई न्यूनीकरण गर्न मनोसामाजिक परामर्श, विद्यार्थी परामर्श, किशोरी परामर्श जस्ता कार्यक्रम निरन्तरता दिइनेछ।

२०. सुनवल नगरपालिकाभित्र विद्यालय हाताको २०० मिटर वरिपरी कुनै पनि सुर्तिजन्य पदार्थ, मादकपदा विक्रीवितरण गर्न बन्द गरिनेछ। खाद्यवस्तु तथा सुर्तिजन्य, मदिराजन्य वस्तुको विक्रीवितरण एकै स्थान गर्ने, खुला मासुजन्य वस्तु तथा खाद्यवस्तुको विक्रिवितरण गर्ने कार्यलाई निरूत्साहित गरिनेछ।

२१. सामुदायिक विद्यालयमा सूचना प्रविधिको विस्तारलाई तीव्रता दिँदै प्रविधिलाई शिक्षणको माध्यमका रू प्रयोग गरिनेछ। सूचना प्रविधि पूर्वाधारको लागि विद्यालय तथा शिक्षकसँग साझेदारी कार्यक्रम सञ्चा गरिनेछ।

२२. संस्थागत विद्यालयमा सिकाइका न्यूनतम पूर्वाधार पुरा गर्न अनिवार्य गरिनेछ। विद्यालयको वर्गका आधा शुल्क र शुल्कका आधारमा शैक्षिक सुविधाको सुनिश्चिता गरिनेछ। संस्थागत विद्यालयलाई नमूना विद्याल रूपान्तरण गर्न प्रोत्साहन गरिनेछ।

२३. स्वयमूसेवी शिक्षक तथा प्रधानमन्त्री रोजगारमार्फत शिक्षक अभाव पूर्ति गरिनेछ। स्वयमूसेवी शिक्ष

व्यवस्थापनका लागि सुनवलका क्याम्पस तथा १२ कक्षा अध्यापन गराउने विद्यालयसँग साझेदारी गरिनेछ।

२४. सबै बालविकास केन्द्रमा न्यूनतम मापदण्ड लागु गरिनेछ। वडामार्फत व्यवस्थापन भएका एक वडा एक सुविधा सम्पन्न बालबिकास केन्द्र तथा एक वडा एक नमुना विद्यालय निर्माण गर्न वडा मार्फत समुदायलाई प्रोत्साहन गर्ने कार्य आगामी वर्ष समेत निरन्तरता दिइनेछ।

२५. बालबालिकाको सिकाइ उपलब्धि प्रति शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई पूर्ण जिम्मेवार बनाइनेछ। विद्यालयमा सुशासन कायम गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२६. सुनवल शिक्षा नीति जारी गरिनेछ। शिक्षा नीतिको आधारमा शिक्षाको आवधिक योजना तयार गरी स्रोतको सुनिश्चिता गरिनेछ।

२७. शिक्षक तालिम, विद्यालय व्यवस्थापन समितिको तालिम र अभिभावक शिक्षालाई शैक्षिक सुधारको अभिन्न अंगको रूपमा स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२८. विद्यालयमा खेलकुद, सँगीत तथा शारीरिक व्यायामका कार्यक्रमलाई अनिवार्य गरिनेछ।

२९. विपन्न, दलित, आदिवासी जनजाति, बालश्रममा परेका, अभिभावक विहीन, गरीव एवम् जेहेन्दार बालबालिकाहरूलाई छात्रवृत्ति, उपमेयर छात्रा प्रोत्साहन, नगरपालिका प्रतिभा पहिचान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

३०. विद्यालय न्यूनतम मापदण्ड तथा प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समितिको बीचमा कार्यसम्पादन सम्झौता मार्फत शैक्षिक सुधार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३१. सुनवल नगरपालिकाले माध्यमिक विद्यालयहरूमा यातायात सुविधा विस्तारको कार्यलाई निरन्तरता दिइनेछ। विद्यार्थी संख्याका आधारमा भौतिक पूर्वधार मर्मत तथा सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।

३२. विद्यालय कर्मचारी तथा बालविकास शिक्षकहरुलाई नगरपालिकाको आन्तरिक स्रोतवाट प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ।

३३. सुनवलको विकास, सुशासन, समृद्धि र सामाजिक सुरक्षामा युवा जनशक्तिको भूमिकालाई विस्तार गर्दै नमुना उद्यमी प्रोत्साहन, राष्ट्रपति रनिङ्ग सिल्ड, मेयरकप फुटवल, उपमेयर भलिवल प्रतियोगिता मार्फत राष्टिय पहिचानयुक्त खेलाडीको विकास गरिनेछ।

३४. नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन नगरभित्रका सम्पन्न भई सञ्चालनमा रहेका खानेपानी योजनाको क्षमता वृद्धि तथा गुणस्तर सुधार, निर्माणाधीन आयोजनाहरू सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ, संभाव्य योजनाहरूको पहिचानको कार्य अगाडि बढाइनेछ।

३५। सुनवल नगरक्षेत्रभित्र सञ्चालित खानेपानी सरसफाइ उपभोक्ता समितिले निर्धारण गरेका जडानशुल्क तथा खानेपानी महसुलमा एकरूपता ल्याउने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ। नगरमा खानेपानी, सरसफाइ तथा स्वच्छताको दीर्घकालीन व्यवस्थापनका लागि नगर वास योजना निर्माण सम्पन्न गरी कार्यान्वयनमा ल्याइनेछ।

CamScanner

३६. गरिव घरपरिवार पहिचान तथा गरिव पहिचान परिचय पत्रको व्यवस्था गरिनेछ। गरिव परिचय पत्रको आधा सेवामा पूर्ण वा अंशिक छुटको व्यवस्था मिलाइनेछ।

३७. नगरलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन कृषिलाई उच्च प्राथमिकता दिइनेछ। उत्पादनमा आधारित प्रोत्स अनुदान कार्यक्रम निरन्तरता दिइनेछ। नगरका विभिन्न क्षेत्रमा पहिचान भएका खाद्यान्न, तरकारी तथा फल खेतीको पकेटक्षेत्र नयाँ प्रविधि तथा वर्णशंकर वीउहरुको परीक्षण, संभाव्यता अध्ययन र कृषकको मा आधारमा तत्काल प्राविधिक सहायता उपलब्ध गराइनेछ। कृषकहरूको उपभोक्ता सँग सिधै सम्पर्क ग अनलाइन कृषि बजार प्रभावकारीता अध्ययन गरी थप सुधार सहित कार्यान्वयन गरिनेछ।

३८. कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रवर्द्धन गर्न मल, कीटनाशक औषधीको उपलब्धताको सुनिश्चितता गरिनेछ। कृषि मल वितरक सहकारीलाई जावफ वनाउन अनुगमन कार्यलाई तिव्रता दिइनेछ।

३९. उत्पादित कृषि उपजको भण्डारण, प्रशोधन र बजारीकरणका लागि उद्योग वाणिज्य संघ सुनवल, सुनवल सहकारीहरू, विभिन्न कृषि समूहहरूसँग समन्वय र प्रोत्सहान गरिनेछ।

४०. कृषि तथा पशु बिमा कार्यक्रमलाई विस्तार गर्दै कृषकलाई बिमा कार्यक्रममा सहभागी हुन प्रोत्सहित गरिने पशु बिमामा पचास प्रतिशत अनुदानको व्यवस्था गरिएको छ। गरिव परिचय पत्र वहाक किषानलाई बिमामा सतप्रतिशत सम्म छुटको व्यवस्था गरिनेछ।

४१. नगरक्षेत्रमा रहेका वाँझो जग्गाको तथ्यांक संकलन गरी बाँझो जग्गाको पूर्ण उपयोगका लागि एक कार्यवि जारी गरिनेछ। भूमी वैंकको अवधारणलाई कार्यान्वयनमा ल्याइनेछ। जग्गा बाँझो राख्ने कार्यलाई निरुत्सा गरिनेछ। कौसी खेती प्रविधिलाई अवलम्बन गर्न प्राविधिक सहायता उपलब्ध गराइनेछ। उत्कृष्ट कौशि खे तथा उत्कृष्ट किशानलाई पुरस्कृत गरिनेछ।

४२. सतह तथा भूमिगत सिंचाइ र वर्षाको पानी संकलन तथा सिंचाइका उपयुक्त प्रविधिको प्रयोग गरी वर्षै सिंचाइ सुविधा उपलब्ध गराउने कार्यलाई उच्च प्राथमिकता दिइनेछ। कृषि उपजको पकेट क्षेत्रका आधार हरेक वडामा कम्तीमा एक बोरिङ निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। एक घर एक करेसाबारी र एक दुई बहुवर्षीय बिरुवाको नीतिलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न नक्सा पास तथा घरनिमार्ण सम्पन्न ग अनिवार्य रूपमा नियमन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

४३. नगरपालिकाबाट निर्माण शुरुआत गरेको सुनवल नगरपालिकाको वडा नं. ९ स्थित नमुना कृषि फर्म विकासका लागि लुम्विनी प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ। उक्त नमुना फर्मको विकासका ला सार्वजनिक निजी साझेदारी नीति अवलम्वन गरिनेछ।

४४. स्थानीय उद्योग वाणिज्य संघसँगको सहकार्यमा नगरक्षेत्रमा खाद्यान्न उत्पादन तथा भण्डारणको अवस्थाल त्रैमासिक रूपमा अद्यावधिक गरी खाद्यान्न लगायतका सामग्रीको अभाव हुन नदिने पद्धतिको विकास गरिनेछ। हाटवजारमा स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ। स्थानीय उत्पादन, प्रथम विक्रेतालाई शुल्क छुटक व्यवस्था गरिनेछ। कृषि एम्बुलेन्स मार्फत उत्पादनस्थलवाट हाटवजारसम्म उत्पादन ढुवानीको व्यवस्थ



CamScanner

सहितको हाटवजार व्यवस्थापन कार्यविधि जारी गरिनेछ।

४५. पशुपालनमा नश्ल सुधारका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४६. स्थानीय उत्पादनलाई सहकारी तथा स्थानीय उद्योग वाणिज्य संघसँगको सहकार्यमा वजारीकरण प्रवर्द्धन गरिनेछ।

४७. स्थानीय हाट वजारस्थलहरूको पूर्वाधार निर्माणको कार्य सम्पन्न गरिनेछ। विभिन्न वडाहरूलाई पायक पर्ने गरी खाद्यउपज संकलन केन्द्र निर्माण गर्न गैरसरकारी क्षेत्रसँग सहकार्य गरिनेछ।

४८. उत्पादनलाई सुरक्षित राख्न यस नगरपालिकाको वडा नं. २ मा निर्माणाधीन सहकारी शीतभण्डार भवन निर्माण कार्य सम्पन्न गर्न संघीय सरकार, लुम्विनी प्रदेश सरकार लगायत जिल्लाका अन्य स्थानीय तह तथा सहकारी संघ संस्थाहरूसँग सहकार्य गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

४९. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्द्धन गर्न सीपमूलक तालिमहरू सञ्चालन गरिनेछ। लघु उद्यम विकास कार्यक्रमलाई विस्तार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

५०. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरूको सीपको विवरण सहितको उद्यमशिलता प्रोफाइल तयार गरिनेछ। नगरभित्र उपलब्ध हुने निर्माण, सेवा व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ। वैदेशिक रोजगारीबाट प्राप्त सामाजिक, आर्थिक तथा सीप विप्रेषणलाई पहिचान गरी समृद्ध सुनवलका लागि प्रयोग गर्न ठोस कार्यक्रम ल्याइनेछ।

५१. नगरक्षेत्रभित्रका दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अति विपन्न घरपरिवारलाई रोजगारीका लागि स्थानीयस्तरमा संचालन हुने निर्माणका योजनाहरूमा काम गर्ने अवसर प्रदान गर्न सम्बद्ध निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरूसँग समन्वय गरिनेछ।

५२. उपभोक्ताको हित प्रवर्द्धन तथा खाद्य पदार्थ लगायतका सामग्रीहरूमा हुने मिसावट लगायतका समस्यालाई न्यूनीकरण गर्न सुनवल नगरपालिकाको बजार अनुगमन निर्देशिका बमोजिम बजार अनुगमन कार्यलाई चुस्त र प्रभावकारी वनाइनेछ। बजारमा व्यापारीहरूले मूल्यसूची राख्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्दै उक्त व्यवस्थाको कार्यान्वयनका लागि सघन अनुगमनको कार्यलाई निरन्तरता दिइनेछ।

५३. नगरक्षेत्रका बेरोजगार युवाहरूलाई रोजगारीको अवसर प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। रोजगार सेवा केन्द्रमा सुचिकृत दक्ष, अर्धदक्ष र अदक्ष बेरोजगारहरूको पहिचान गरी रोजगारीको अवसर प्रदान गर्न गैरसरकारी क्षेत्र र निजी क्षेत्रसँग सहकार्य गरिनेछ। कोरोनाका कारण उच्च जोखिममा परेका वर्गलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा प्राथमिकता दिइनेछ।

५४. वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन नेपाल सरकार, प्रदेश सरकार, विभिन्न गैरसरकारी संघसंस्थाको सहकार्यमा रोजगार प्रवर्द्धन कार्यक्रम तथा सचेतना कार्यक्रम संचालन गरिनेछ। रोजगार सूचनालाई थप प्रभावकारी बनाइनेछ।

५५. सुनवल नगरपालिकाको विगतका वर्षका नीति तथा कार्यक्रम र वजेटका आधारमा यस नगरका धुर्कोट फेदी

CamScanner

लगायतका विकट बस्तिहरूलाई नगरको केन्द्रसँगको सहज पहुँच बढाउन सडक सञ्जालको विकास ... छ। यस्ता सडकहरूको स्तरोन्नति गरी नगरस्तरको सडक सञ्जालको विकास र विस्तार गरिनेछ।

५६. विकास योजनाहरूमा उपभोक्ताको अपनत्व बढाउन उपभोक्तको ३० प्रतिशत र नगरपालिकाको ७० प्र... लागत सहभागिता रहने गरी स्थानीयको मागका आधारमा ७०:३० का योजनाहरु कार्यान्वयन गरिनेछ।

५७. सुनवल नगरपालिकाभित्र विगतका वर्षहरूमा निर्माण भएका योजनाहरूको मर्मत संभार तथा स्तरोन्नति प्रक्रिया अगाडी वढाइने नीतिलाई निरन्तरता दिइनेछ।

५८. सुनवल महलपोखरी हुदै पाल्पा रामपुर काली गण्डकी कोरिडोर हुँदै तनहूँ जोड्ने सडक, भुमही बेंबेरे मिज... हुँदै गण्डकी प्रदेशको विनयी त्रिवेणी गाउपालिकाको वडा नं. ५ देउराली, हुदै ५ नं. प्रदेशको पाल्पा रामपुर जोड्ने सडक, सुनवल परासी सडकलाई ४ लेनमा विस्तार गर्ने योजना, हुलाकी सडक तथा बुद्ध सर्कि... लिंक मार्गको रूपमा रहेको सुनवल ७ ज्यामिरे अस्नैया अरनिको बस्ति हुँदै रामपुर चौराहा सडक, एक... बढी स्थानीय तह तथा अन्तर प्रदेश पहुँच बढाउने व्यापारिक तथा व्यवसायिक उपयोगिता भएका रणनी... सडकहरुलाई उच्च प्राथमिकतामा राखि प्रदेश सरकार र संघीय सरकारसँगको समन्वय गरिनेछ।

५९. सुनवल रिङ्गरोड, नयाँ वस्ति, रजाहाहुँदै बिसी मिल मंगलनगर सडक, सुनवल बनाहा बेलारी सडक, भु... जर्गाहा सडक, तुरिया अटोभिलेज जाने सडक, देवकोटा स्कुल कीर्तिपुरहुँदै वडा नं. १३ को घ्यूडल्ला जो... सडक, ज्यामिरेहुँदै वडा नं. ८ रामपुर चोराहा जोड्ने सडक लगायतका अन्तर वडा कनेक्टीभिटी बढा... सडकहरूलाई उच्च प्राथमिकतामा राखी निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

६०. नगर सडक गुरुयोजनालाई अद्यावधिक गरी सडक क्षेत्राधिकार तोकी वर्गिकरण सहितको सडकहरु... नामाकरण गरिनेछ। प्रत्येक वडाका सडकहरुलाई पूर्णकालीन सञ्चालन हुने गरी निर्माण, स्तरोन्नति त... मर्मत संभारको कार्य गरिनेछ।

६१. नगरका विभिन्न क्षेत्रहरूमा हुने र हुनसक्ने डुवान तथा कटानका समस्यालाई निराकरण गर्न सुनवल नगरपालि... भित्रका सार्वजनिक कुलो, सार्वजनिक नाला र ढल निकास पहिचान गरी विस्तृत परियोजना प्रस्ताव (DP... तयार गरी कार्यान्वयन गरिनेछ।

६२. नगरपालिकाको गौरवको योजनाको रुपमा रहेको सुनवल औधोगिक ग्राम निर्माण कार्यलाई संघी... सरकारसंगको समन्वयमा सम्पन्न गरिनेछ। नगरक्षेत्रका साना तथा घरेलु उद्योगहरुलाई उक्त औधोगिक ग्राम... स्थानान्तरण गर्न प्रोत्साहित गरिनेछ। औधोगिक ग्रामभित्र उद्योग स्थापनाका लागि स्थानीय लगानी सम्मेल... गर्ने नीति लिईनेछ।

६३. नगरको सौन्दर्यकरणका साथै वातावरणीय तथा फोहरमैला व्यवस्थापनलाई मूर्तरुपदिनका लागि नगर गौरव... आयोजनाका रुपमा रहेको सुनवल अटोभिलेजको पूर्वाधार निर्माण कार्य सम्पन्न गरी नगरक्षेत्रका अ... व्यवसायहरुलाई सो क्षेत्रमा स्थानान्तरण गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ।

६४. नक्सा पास विना घर बनाउने कार्यलाई प्रतिवन्द गर्न नगरपालिकाभित्र विना नक्सा वनाइएका घरहरुका लागि सो संग सम्वन्धित सिफारिस रोक्का गर्न सक्ने नीति लिइनेछ। यस कार्यका लागि प्रभावकारी अनुगमन गरिनेछ।

६५. नगरपालिकाभित्र अतिक्रमण भएका सार्वजनिक जग्गाहरूको लगत सहितको सार्वजनिक नगरस्तरीय प्रोफाइन तयार गरिनेछ। सुकुम्वासी तथा अव्यवस्थित वस्तीको व्यवस्थापन गर्न भूमि व्यवस्थापन सम्वन्धि आयोगसँग समन्वय गरिनेछ।

६६. पूर्वाधार निर्माण सम्बन्धी नगर गौरवका आयोजनाहरूको विस्तृत परियोजना प्रस्ताव तयार गरी निर्माण कार्य सम्पन्न गर्न संघीय सरकार तथा प्रदेश सरकारका साथै नेपाल सरकारमार्फत अन्य दातृ निकायहरूसँग समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६७. सुनवल हिलपार्क सुनवलको गौरवको योजना भएकाले यसको विकास र व्यवस्थापनलाई प्रथम चरणमा सम्पन्न गरी सार्वजनिक नीजि साझेदारी अवधारणमा सञ्चालन गरिनेछ। यसलाई संस्थागत गर्न कानुनी व्यवस्था मिलाईनेछ।

६८. सङ्घीय सरकार र प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुन सक्ने समपूरक अनुदान तथा विशेष अनुदानको अवसरलाई बढीभन्दा बढी प्राप्त गरी उपयोग गर्ने उद्देश्यका साथ यस नगरको दिर्घकालीन विकासका लागि रणनैतिक महत्वका आयोजनाहरूको विस्तृत परियोजना प्रस्ताव (डी.पी.आर.) तयार गरी उक्त अनुदान प्राप्तिका लागि विशेष पहल गरिनेछ। सुनवल नगरपालिकामा आयोजना बैंक स्थापना गरिनेछ। निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गरिनेछ।

६९. नगरक्षेत्रमा विद्युत सेवा नपुगेका क्षेत्रहरूमा विद्युतसँग सम्वन्धित समस्याहरूको समाधान गर्न नगरपालिकाको प्रयासमा शुरु गरिएको विद्युत लाइन विस्तार तथा स्तरोन्नतिको कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ। नगरका विभिन्न क्षेत्रमा विद्युत खपतको माग र आपूर्तिलाई ध्यानमा राखी विद्युत प्राधिकरणसँगको समन्वयमा विद्युत विस्तारका साथै विद्युत ट्रान्सफर्मरको व्यवस्थापन गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ।

७०. पूर्वाधार विकासका कार्यक्रमहरू सञ्चालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्नेगरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइनेछ।

७१. कोभिड १९ बाहेकका विपद्हरूको रोकथाम तथा न्यूनीकरणका लागि पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक वजेट व्यवस्था गरिनेछ।

७२. सुनवल नगरपालिकाको वडा नं. ४, मच्छरमारा स्थित हाल फोहरमैला व्यवस्थापन भइरहेको स्थानमा ल्याण्डफिल्ड साइट निर्माण गर्न सघीय सरकारवाट प्राप्त वजेटलाई उच्च प्राथमिकता साथ कार्यान्वयन गरि यसवाट दिर्घकालमा नगरपालिकालाई आम्दानीको स्रोत हुने अपेक्षा सहित ल्याण्डफिल्ड साइट निर्माण गर्ने नीति अवलम्वन गरिनेछ।

७३. नगरपालिकाक्षेत्रभित्र वन तथा वातावरण संरक्षणका लागि नगरपालिकाक्षेत्रभित्रका सामुदायिक तथा साझेदारी वन उपभोक्ता समितिहरूसँग सहकार्य गरिनेछ। यस नगरपालिकाको बन तथा वातावरण सम्बन्धी ऐन, एवम् नीतिका आधारमा वनक्षेत्रमा पाईने जैविक विविधता पहिचान गर्दै अनुसन्धानात्मक कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिने छ। सामुदायिक, साझेदारी तथा निजी बनहरूसँग कानुन बमोजिम श्रोत बाँडफाँड तथा योजना तर्जुमा र कार्यान्वयनमा साझेदारी गरिनेछ।



CS CamScanner

७४. सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई वातावरणमैत्री विद्यालयमा रुपान्तरण गर्न विद्यालय वातावरणीय लेखाजोखा गरी सूचकको पूर्णता तर्फ केन्द्रित गर्ने नीति लिईनेछ।

७५. संघीय सरकारसंगको साझेदारी संचालित सहरी वन कार्यक्रम अन्तर्गत पूर्वपश्चिम राजमार्गको किनार फुलका विरुवाहरु रोपण गरी सडक सौन्दर्यकरणको कार्यलाई सम्पन्न गरिनेछ।

७६. नगरपालिकाभित्रका सवै सरकारी तथा गैरसरकारी कार्यालय परिसरलाई पूर्ण प्लाष्टिक मुक्त क्षेत्र घोषणा, शहरी वातावरणलाई स्वच्छ राख्न २० माइक्रोनभन्दा तलका प्लाष्टिकका झोला निषेध गर्ने र अन्य प्लाष्टिक झोलाहरूलाई निरुत्साहित गरिने नीति कार्यान्वयनमा ल्याइनेछ।

७७. नगरपालिकाको मुख्य वजार केन्द्रका रूपमा रहेका सुनवल वजार क्षेत्र र भुमही वजारक्षेत्रवाट प्लाष्टिक मुक्त क्षेत्र अभियानको शुरुआतगरी क्रमशः विस्तार गर्दै लगिनेछ।

७८. ठूला पूर्वाधार विकास कार्यक्रमहरू संचालन गर्दा वातावरणीय प्रभाव अध्ययन कार्यलाई विशेष प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ।

७९. नदीजन्य पदार्थको संकलन कार्यलाई व्यवस्थित बनाउन संघीय सरकारवाट जारी भएका नीतिगत तथा कानुनी व्यवस्थालाई अवलम्वन गर्दै वातावरणीय अध्ययन सम्बन्धी विषयहरूलाई ध्यानमा राखी व्यवस्थित गरिनेछ। नदीजन्य पदार्थ व्यवस्थापन गर्न नगरपालिकाको प्रविधिमैत्री नीति तय गरी कार्यान्वयन गरिनेछ। नगरपालिकाको आन्तरिक राजश्वको प्रमुख स्रोतको रूपमा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनका लागि प्राकृतिक स्रोत संरक्षण र सम्वर्द्धन गर्न बन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा लगानी गर्ने नीति अवलम्वन गरिनेछ।

८०. नगरक्षेत्रको नदीजन्य पदार्थ सुनवलको आन्तिरक आयको महत्वपूर्ण हिस्सा भएको र सुनवलको वातावरणीय व्यवस्थापनको महत्वपूर्ण पक्ष भएकाले नदीजन्य पदार्थको उत्खनन, विक्रीवितरण तथा परिचालनलाई सुव्यवस्थित र प्रभावकारी बनाइ नदीजन्य वस्तुको दिर्घकालीन संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ।

८१. आन्तरिक आयको वृद्धि तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाइने छ। नगरपालिकाको आन्तरिक आयको लक्ष्य प्राप्तिका लागि राजश्व सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनुका साथै वडागत तथा नगर स्तरीय लक्ष्य निर्धारण गरी कार्यान्वयन गरिने छ।

८२. कोभिड १९ को रोकथाम र नियन्त्रणका लागि जारी निशेधाज्ञाको कारण नगरपालिकाको आन्तरिक आय संकलनमा परेको असरलाई दृष्टिगत गरी आय संकलन विधि र प्रक्रियामा सुधार गरिनेछ।

८३. नगरपालिकाभित्र उच्चतम तथा नियमित कर तिर्ने करदातालाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिइने छ। नगरपालिकाको मेरूदण्डको रूपमा रहेको आन्तरिक स्रोतलाई व्यवस्थित र दिगो बनाउन निजी क्षेत्रका प्रतिनिधिमूलक संस्था उद्योग वाणिज्य संघसँग सहकार्य गरिनेछ।

८४. विकास पत्रकारितालाई प्रोत्साहन गरिनेछ। नगर विकासका गतिविधिहरूलाई नगरबासी सामु सुसूचित गर्न तथा सुशासनलाई प्रवर्द्धन गर्न गराउनका लागि राज्यको चौथो अंगको रूपमा स्थापित संचारकर्मी तथा पत्रकारहरूसँग सहकार्य गरिनेछ।

८५. पाँचलाख भन्दा माथिको कुल लागत भएका प्रत्येक योजनामा अनिवार्य रूपमा सार्वजनिक सूचनापाटी राख्ने व्यवस्था गरिने छ र आयोजना संचालनका कानुन तथा कार्यबिधि अनुसारका नीति र प्रकृयालाई क्रियाशील बनाइने छ। योजना कार्यान्वयन गर्दा पेश्की शून्य नीतिलाई निरन्तरता दिइनेछ।

८६. सुनलव नगरपालिकालाई स्मार्ट नगरपालिका वनाउनका लागि आवश्यक पूर्वाधारहरुको निर्माण तर्फ नगरका विकास गतिविधिहरुलाई संचालन गर्ने नीति अवलम्वन गरिनेछ।

८७. सेवा प्रवाहको लागि आवश्यक न्यूनतम प्रशासनिक खर्च व्यवस्थापनसहित प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्च कटौती गर्ने नीति अवलम्बन गरिनेछ। नगरपालिकाको कार्यभार तथा सेवा प्रवाहका अधारमा संगठन संरचना तयार गरी कर्मचारी व्यवस्थापन गरिनेछ।

८८. यस नगरपालिकामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको क्षमता विकास कार्यलाई प्रविधिमैत्री बनाई क्षमता विकासको कार्यलाई निरन्तरता दिइनेछ।

८९. नगरपालिकाका हरेक गतिविधिलाई पारदर्शी वनाइनेछ। सूचना प्रविधिको माध्यमबाट नगरका गतिविधिलाई सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ। नगरका विकास गतिविधिहरुलाई समेटि चौमासिक वुलेटिन प्रकाशन गरिनेछ।

९०. सुनवल नगरपालिकाको प्रशासनिक गतिबिधिलाई दिगो र प्रविधि एवम् सेवाग्राहीमैत्री बनाईने छ। नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई कार्य सम्पादन मूल्यांकनका आधारमा साबिक बमोजिम प्रोत्साहन उपलब्ध गराइनेछ।

९१. कोभिड–१९ को कारणबाट उत्पन्न असहज परिस्थितिको सामना गर्न र तत्कालीन आवश्यकताको आधारमा प्राथमिकतामा परेका क्रियाकलापहरू कार्यान्वयन गर्न नीजी क्षेत्र, गैरसरकारी संस्था, सहकारी तथा सामुदायिक संस्थाहरूलाई परिपूरक भूमिकामा परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

**अध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरू !**

यस नीति तथा कार्यक्रम तयार गर्दा विगतका बर्षहरूमा अवलम्बन गरिएका प्रमुख नीति एवं कार्यक्रमहरूलाई निरन्तरता दिइएको र विगतका राम्रा प्रयासहरूलाई अत्मसात गरिएकोले नगरको समग्र समृद्धिका बाटोमा विगतका गरिमामय सभाहरूबाट तय भएका नीतिहरूलाई महत्त्वपूर्ण मानिएको छ।

आरदरणीय नगरबासीहरूको विकास, सम्बृद्धि र सुशासनको अपेक्षालाई पूरा गर्न विगतका बर्षहरूमा झैं नीति कार्यक्रम लगायत बजेट कार्यान्वयन गर्ने सम्पूर्ण गतिविधिमा सुनवल नगरबासी आमा बुवा, दिदिबहिनी तथा दाजुभाइहरूबाट साथ र रचनात्मक सहयोगको अपेक्षा गरेको छु। आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै पक्षको ईमान्दारीपूर्ण एवं रचनात्मक सहयोग प्राप्त भएमा सुनवलको समृद्धिको जगमा सबल भई नगरको क्रमिक एवम् अपेक्षित विकासले उचाई प्राप्त गर्नेछ। तसर्थ सुनवलको विकास र समृद्धि हाम्रै हातमा छ भन्ने कुरामा म विश्वस्त छु।

CamScanner

**अन्तमा,**

यस ऐतिहासिक नवौ नगर सभामा पाल्नुभएका नगर उप-प्रमुखज्यू र नगर सभाका सम्पूर्ण सदस्यज्यूहरुहरूलाई हा धन्यवाद व्यक्त गर्दछु। नगरपालिकाको विकासका लागि वजेट तथा कार्यक्रमका साथ सहयोग गर्नुहुने संघीय सर लुम्विनी प्रदेश सरकारप्रति विशेष आभार प्रकट गर्दछु। नगरको समग्र विकास अभियानमा सदैव संवेदनशील भई स गर्नुहुने यस क्षेत्रका माननीयज्यूहरु, राजनीतिक दल, संघीय सरकार, लुम्विनी प्रदेश सरकार तथा जिल्लास्थित निकायहरू, सुरक्षा निकायहरू, गैह्रसरकारी संघ संस्थाहरू, सहकारी, उद्योग वाणिज्य संघ, नागरिक समाज, समाजसे बुद्धिजीवी, पत्रकार लगायत दातृ निकाय र आदरणीय नगरबासी आमावुबा, दिदीवहिनी तथा दाजुभाइहरुमा हा आभार व्यक्त गर्दै आगामी आ.ब. २०७८/०७९ को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सबैको निरन्तर सह प्राप्त भइ समृद्ध सुनवल अभियानमा एक इट्टा थपिने अपेक्षा लिएको छु।

सुनवल नगरपालिकाको नीति तथा कार्यक्रम एवम् वार्षिक नगर विकास योजना तय गर्न अहोरात्र ख ऐतिहासिक नगर सभाको जिम्मेवारी पूरा गर्न सहयोग पुऱ्याउनु हुने सबै जन-प्रतिनिधिज्यूहरू, सुनवल न कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक आभार एवम् धन्यवाद व गर्दछु।

कोरोना भाइरसबाट संक्रमित सबैको शीघ्र स्वाथ्यलाभको कामना गर्दछु। यस नगर क्षेत्रमा नगरको विव लगायत विश्वव्यापी महामारी कोरोना नियन्त्रण र रोकथाममा समस्त नगरबासीहरूको सहयोगको लागि पुनः आह्व गर्दछु।

धन्यवाद

**भीम बहादुर थापा क्षेत्री**
**नगर प्रमुख**
**मितिः २०७८ असार ६ गते रोज १ शुभम्**